# स्थानीय राजपत्र

## तिनाउ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९, भागः २ संख्या ११, मिति २०८३ बैशाख २५ गते


**भाग–२**

**तिनाउ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, दोभान, पाल्पा**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका तिनाउ गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८३।०१।१७ को निर्णय बमोजिम संशोधन भएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## तिनाउ गाउँपालिकाको बहुबर्षीय आयोजनको स्रोत सहमती तथा ठेक्का व्यवस्थापन निर्देशिका , २०८३

**प्रस्तावनाः** स्थानीय तहको विकास निर्माण कार्यलाई व्यवस्थित, गुणस्तरीय, नतिजामुखी बनाई समयमै सम्पन्न गर्न एक वर्षभन्दा बढी समय लाग्ने क्रमागत तथा ठूला पूर्वाधार आयोजनाहरूको कार्यान्वयन सुनिश्चित गर्नका लागि आवश्यक पर्ने स्रोतको पूर्वानुमान, वित्तीय अनुशासन र बजेटको निरन्तरता कायम राख्दै दायित्व सिर्जना हुने आयोजनाहरूको स्रोत

व्यवस्थापन तथा बहुवर्षीय खरिद सम्झौता प्रक्रियालाई थप स्पष्ट, सुरक्षित र नतिजामूलक बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा तिनाउ गाउँपालिकाको प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन,२०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि तिनाउ गाउँ कार्यपालिकाले यो निर्देशिका बनाई जारी गरेको छ।

**१. संक्षिप्त नाम, प्रारम्भ र परिभाषा**

(१) यस निर्देशिका को नाम **"तिनाउ गाउँपालिकाको बहुवर्षीय आयोजनाको स्रोत सहमती तथा ठेक्का व्यवस्थापन निर्देशिका, २०८३"** रहेको छ।

(२) यो निर्देशिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि तुरुन्त प्रारम्भ हुनेछ।

(३) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) **"लेखा उत्तरदायी अधिकारी"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

ख) **"बहुवर्षीय आयोजना/ठेक्का"** भन्नाले निर्माण कार्य वा खरिद प्रक्रियाको प्रकृति र जटिलताका कारण एक आर्थिक वर्षभन्दा बढी र अधिकतम दुई (२) आर्थिक वर्षभित्र सम्पन्न हुने गरी स्रोत सहमति दिइएका आयोजना सम्झनु पर्छ।

ग) **"स्रोत सहमति"** भन्नाले बहुवर्षीय आयोजना कार्यान्वयनको लागि चालू आर्थिक वर्ष र आगामी दोस्रो आर्थिक वर्षको बजेटरी दायित्व समेत स्वीकार गर्ने गरी उपलब्ध गराइने बजेट सुनिश्चितता सम्झनु पर्छ।

**२. बहुवर्षीय आयोजनाको सीमा, अवधि र क्षेत्र**

**(१) अवधि सीमा:** यस निर्देशिका बमोजिम स्रोत सहमति प्रदान गरिने आयोजनाहरूको अधिकतम अवधि सम्झौता भएको मितिले दुई (२) आर्थिक वर्ष (चालू आर्थिक वर्ष र आगामी एक आर्थिक वर्ष) मा हुने गरी मात्र व्यवस्थापन गरिनेछ। दोस्रो वर्षभित्र आयोजना अनिवार्य रूपमा सम्पन्न भइसक्नु पर्नेछ।

**(२) न्यूनतम लागत सीमा:** स्थानीय तहको स्रोतको उपलब्धताका आधारमा देहायबमोजिमको न्यूनतम लागत भएका आयोजनालाई मात्र बहुवर्षीय ठेक्कामा लैजान सकिनेछ:

क) **पूर्वाधार विकास क्षेत्र (सडक, पुल, भवन, सिंचाई, खानेपानी आदि):** न्यूनतम लागत अनुमान रु. १ करोड (एक करोड रुपैयाँ) वा सोभन्दा बढी भएका आयोजना ।

ख) **अन्य क्षेत्र (शिक्षा, स्वास्थ्य, पर्यटन, खेलकुद पूर्वाधार आदि):** न्यूनतम लागत अनुमान रु. १ करोड (एक करोड रुपैयाँ) वा सोभन्दा बढी भएका आयोजना।

**३. स्रोत सहमति प्रदान गर्नु अघिका अनिवार्य पूर्वतयारी:**

बहुवर्षीय आयोजनाको लागि स्रोत सहमति दिनु पूर्व र खरिद प्रक्रिया अगाडि बढाउनु अघि लेखा उत्तरदायी अधिकारीले देहायका पूर्वाधार तथा प्राविधिक तयारीहरू पूरा भएको सुनिश्चित गरी अनुसूची-२ बमोजिमको चेकलिस्ट तयार गरि कार्यपालिकाबाट स्वीकृत तथा प्रमाणित गर्नु पर्नेछ:

क) वार्षिक बजेट तथा मध्यमकालीन खर्च संरचना (MTEF) मा समावेश भएको हुनुपर्ने,

ख) आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) वा विस्तृत इन्जिनियरिङ्ग डिजाइन र स्वीकृत लागत अनुमान तयार भइसकेको हुनुपर्ने,

ग) नियमानुसार आवश्यक पर्ने वातावरणीय अध्ययन (IEE, संक्षिप्त वातावरणीय प्रतिवेदन) स्वीकृत भइसकेको हुनुपर्ने,

घ) आयोजना सञ्चालन हुने स्थलको जग्गा प्राप्ति भएको, विवाद रहित रहेको र हकभोगको सुनिश्चितता भएको हुनुपर्ने ,

ङ) वार्षिक खरिद योजना (Annual Procurement Plan) स्वीकृत भई समावेश भएको हुनुपर्ने ।

**४. स्रोत सहमतिः**

स्रोत सहमति प्रदान गर्नु अघिका पूर्व तयारी सम्पन्न भई कार्यपालिकामा पेश भएको बहुबर्षीय ठेक्काको कुल लागत अनुमान बराबरको रकम चालू आर्थिक बर्षमा तोकिएको बमोजिमको अंश र आगामी आर्थिक बर्षमा बाँकी रकम पहिलो प्राथमिकतामा रहने गरि स्रोत सुनिश्चितताको स्विकृति प्रदान गरेपश्चात स्रोत सहमती भएको मानिनेछ ।

**५. बजेट विनियोजन र वित्तीय उत्तरदायित्व**

(१) **बजेटको अंश:** बहुवर्षीय स्रोत सहमति प्रस्ताव गर्दा आयोजनाको कुल स्वीकृत लागत अनुमानको न्यूनतम ४० (चालीस) प्रतिशत रकम चालू आर्थिक वर्षको स्वीकृत बजेटमा अनिवार्य विनियोजन भएको हुनुपर्नेछ ।

(२) **दोस्रो तथा अन्तिम वर्षको दायित्व:** सम्झौता रकमको व्यहोर्न बाँकी सम्पूर्ण प्रतिशतसम्मको रकम आगामी आर्थिक वर्षको मध्यमकालीन खर्च संरचना (MTEF) र बजेट सिलिङमा अनिवार्य रूपमा पहिलो प्राथमिकतामा राखी सुरक्षित (Earmark) गरिनु पर्नेछ ।

(३) **समयसीमा र स्वतः खारेजी:** स्रोत सहमति प्राप्त भएका आयोजनाको खरिद प्रक्रिया सुरु भई चालू आर्थिक वर्षको असार मसान्तभित्र ठेक्का सम्झौता भइसक्नु पर्नेछ। उक्त अवधिभित्र सम्झौता हुन नसकेमा त्यस्तो स्रोत सहमति स्वतः रद्द र निष्क्रिय हुनेछ ।

**६. अनुगमन, प्रतिवेदन तथा भुक्तानी व्यवस्था**

१) गाउँपालिकाको अनुगमन समितिले बहुवर्षीय आयोजनाको नियमित रूपमा अनुगमन गरी प्रतिवेदन कार्यपालिकामा पेस गर्नु पर्नेछ ।

२) लेखा उत्तरदायी अधिकारीले अनुसूची-३ बमोजिमको वित्तीय उत्तरदायित्व तथा भौतिक प्रगति अनुगमन रजिस्टर अद्यावधिक राख्नु पर्नेछ र सिर्जित बाँकी दायित्व भुक्तानीको उचित व्यवस्थापनको लागि आगमी आर्थिक बर्षको बजेट सिलिङमा पहिलो प्राथमिकता राखी सुरक्षित गर्नु पर्नेछ।

**अनुसूचीहरू (Format)**

## अनुसूची - १:

## बहुवर्षीय आयोजनाको स्रोत सहमति माग तथा वर्षगत विभाजन फाराम

सम्बन्धित विषयगत शाखा वा वडा कार्यालयले योजना शाखा र प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिका समक्ष स्रोत सहमतिको लागि विवरण समावेश गरि पेश गर्ने :

| विवरणको शीर्षक | विस्तृत विवरण / कार्यपालिकाको निर्णयका आधारहरू |
|---|---|
| १. आयोजनाको नाम र कार्यक्षेत्र (स्थान/वडा) | |
| २. कुल अनुमानित लागत (स्वीकृत DPR / लागत अनुमान बमोजिम) | रु. |
| ३. आयोजना सम्झौता भई सम्पन्न हुने अवधि | अधिकतम दुई (२) आर्थिक वर्ष भित्र |
| ४. चालू आर्थिक वर्षमा विनियोजित बजेट (न्यूनतम ४०% अनिवार्य) | रु. .................................... (आ.व. ....................) |
| ५. आगामी दोस्रो वर्षमा सुनिश्चित गरिएको बाँकी रकम | रु. .................................... (आ.व. ....................) |
| ६. मध्यमकालीन खर्च संरचना (MTEF) मा समावेश भए/नभएको | भएको [ ] नभएको [ ] |

**पेश गर्ने (विषयगत शाखा प्रमुख):** ____________________ **मिति:** ________________

**जाँच/सिफारिस गर्ने (योजना शाखा प्रमुख):** ____________________ **मिति:** ________________

**स्वीकृत गर्ने (लेखा उत्तरदायी अधिकारी):** ____________________ **मिति:** ________________

**अनुसूची - २:**

**बहुवर्षीय ठेक्का व्यवस्थापन पूर्वतयारी संक्षिप्त चेकलिस्ट (Checklist)**

स्रोत सहमति दिनु र ठेक्का सूचना प्रकाशन गर्नु पूर्व लेखा उत्तरदायी अधिकारी (प्रमुख प्रशासकीय अधिकृत) ले अनिवार्य रूपमा जाँच्नु पर्ने कानुनी तथा प्राविधिक सूचकहरू:

| क्र.सं. | पूर्वतयारीका सूचक/विषयहरू | अवस्था (छ/छैन) | कैफियत / प्रमाणको आधार |
|---|---|---|---|
| १ | आयोजना चालू आ.व. को स्वीकृत नीति, कार्यक्रम तथा बजेटमा समावेश भएको | | |
| २ | स्वीकृत विस्तृत परियोजना प्रतिवेदन (DPR) र लागत अनुमान तयार भएको | | |
| ३ | प्रचलित कानुन बमोजिमको वातावरणीय अध्ययन (IEE/SEE) प्रतिवेदन स्वीकृत भएको | | |
| ४ | आयोजना स्थलको जग्गा प्राप्ति वा विवाद रहित हकभोग सुनिश्चित भएको | | |
| ५ | चालू आर्थिक वर्षको बजेटमा कुल लागतको न्यूनतम ४० प्रतिशत रकम विनियोजन भएको | | |
| ६ | आगामी दोस्रो वर्षको बजेट सिलिङ तथा MTEF मा बाँकी दायित्व समावेश भएको | | |

**प्राविधिक/इन्जिनियरको प्रतिवेदन र दस्तखत:** ______________________________

**लेखा उत्तरदायी अधिकारीको प्रमाणीकरण दस्तखत:** ______________________________

## अनुसूची - ३:

### बहुवर्षीय ठेक्काको वित्तीय उत्तरदायित्व तथा भौतिक प्रगति अनुगमन रजिस्टर ढाँचा

अधिकतम दुई वर्ष अवधिको सिर्जित बाँकी दायित्व (Overlapping Liabilities) व्यवस्थापन गर्न लेखा शाखा र अनुगमन समितिले प्रयोग गर्ने अद्यावधिक ढाँचा:

| क्र.सं. | आयोजना र ठेक्का सम्झौता विवरण | कुल ठेक्का सम्झौता रकम | वर्ष १ (चालू आ.व.) भुक्तानी | भौतिक प्रगति (%) | वर्ष २ (आगामी आ.व.) आवश्यक बजेट | सिर्जित कुल बाँकी दायित्व | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | [आयोजनाको नाम र निर्माण व्यवसायी/सप्लायर्सको विवरण] | रु. | रु. | % | रु. | रु. | |
| **कुल जम्मा** | **हाजिर प्रगति र वित्तीय स्थिति** | **रु.** | **रु.** | | **रु.** | **रु.** | |

*गाउँपालिका स्तरीय अनुगमन समितिको सिफारिस/निर्णय:* ................................................
..............................................

आज्ञाले,
दिनेश सारु
प्रमुख प्रशासकीय अधिकृत
तिनाउ गाउँपालिका